# "पानीको बप्तिस्मा"

"....पश्चताप गर अनि प्रभु येशूको नाममा बप्तिस्मा लेउ ।" यो आवाज हो - स्वयं परमेश्वरको, खीष्टियन मिसिनेरीहरूको, खीष्ट येशूको मण्डलीहरूको सबै खीष्टियन समुदायहरूको । खीष्टमा विश्वास गरी नयाँ जन्म पाएका विश्वासीहरू "बप्तिस्मा" बारे बुझ्न चाहन्छन् ।

साधारण अथवा सजिलो प्रकारले बुझाउनु पर्दा बप्तिस्माको अर्थ हो - पानीमा पूरा शरीर भिज्ने गरी डुबुल्की लगाउनु अर्थात पानीभित्र पसेर निस्कनु । यसरी आफ्नो समाज, मित्रहरू, आफन्तहरू सबै मानिसहरूको अघि यो साक्षी दिँदै कि प्रभु येशूको मृत्युमा आफू पनि साझेदार बन्दै पूरानो स्वभाव र सबै खराबीहरूको निम्ति मर्दै खीष्टसंग अब नयाँ जीवनको निम्ति जिउँनेछु भन्ने प्रण गर्दै पानीमा डुबेर निस्कने कामलाई बप्तिस्मा भनिन्छ । यो काम मण्डलीका अगुवा अथवा पाष्टरको देखरेखमा डुबुल्की लगाउन सकिने पानी भएको ठाउँमा गरिन्छ । पानीभित्र पूरापूरा डुबेर उठ्ने यस खीष्टियन साक्षीलाई नै "पानीको गवाही" पनि भनिन्छ ।

".....किनभने हामीलाई परमेश्वर कहाँ ल्याउनलाई खीष्टले पनि शरीरमा मारिएर तर आत्मामा जीवित भएर, अधर्मीहरूका निम्ति धर्मी भएर, पापहरूका निम्ति एकचोटि दुःख भोग्नुभयो । जुन आत्मामा उहाँ जानु भएर बन्दी आत्माहरूलाई पनि प्रचार गर्नुभयो । तिनीहरू ती बितेका समयमा अट्टेरी भएका थिए, जब नूहको समयमा जहाज तयार होउन्जेल परमेश्वरको सहनशीलताले पर्खिरहेको थियो, जसमा थोरै प्राणी अर्थात आठ जना पानीद्वारा बाँचेका थिए । तब ठीक त्यही किसिमले, अर्थात् बप्तिस्माले शरीरको मैला उतारेर ता होइन, तर परमेश्वरतर्फ सफा विवेकले येशू खीष्टको पुनरूत्थानद्वारा अब तिमीहरूलाई बचाउने छ । उहाँ स्वर्गमा गएर परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ । स्वर्गदूतहरू, अख्तियारहरू र शक्तिहरू उहाँकै अधिनमा राखिएका छन् ।" १ पत्रुस ३:१८-२२

**पहिलो कुराः-** हामी देख्दछौ कि प्रभु येशूको मृत्युले तपाईलाई र मलाई परमेश्वरसंगको मिलापमा ल्याउँछ ।

**ोस्रो कुराः-** पानीको बप्तिस्मा त्यो कुरो हो जसले तपाईलाई बचाउने संकेत Symbol) दिन्छ ।

**ेस्रो कुराः-** हामी देख्दछौं कि पानीको बप्तिस्मा विश्वासीहरूद्वारा परमेश्वरप्रति ारिने त्यो प्रतिज्ञा हो जसले आफ्नो विवेकलाई निरन्तर सफा र सुन्दर राख्दछ । भन्तमा तपाई ख्रीष्ट येशूसंगै उहाँको पुनरूत्थानमा यस पानीको बप्तिस्माद्वा ाँच्नु भएको छ ।

"…..तब हामी के भनौ ? के अनुग्रह प्रशस्त होस् भनेर हामी पापमा लागि रहौं ? त्यसो नहोस् । हामी जो पापको लेखि मर्‍यौं, अझ कसरी त्यसैमा जिउने ? भथवा के तिमीहरू अजान छौं, हामी सबै, जति जनाले ख्रीष्टमा बप्तिस्मा लियौ, उहाँकै मृत्युमा बप्तिस्मा लियौं ? त्यसकारण त्यस बप्तिस्माद्वारा हामी उहाँसंगै ाडियौं, र जसरी ख्रीष्ट मरेकोबाट पिताको महिमाद्वारा बिउँताउनु भयो, त्यसरी नै हामी पनि नयाँ जीवनको चालमा हिडौं ।"

किनकि यदि उहाँको मृत्यु जस्तैगरी हामी उहाँसंग सम्मिलित भएका छौं भने, उहाँको पुनरूत्थानमा पनि त्यसरी नै हुनेछौं, पापको शरीर रद्दी तुल्याउन हाम्रो पुरानो मानिस उहाँसंग क्रूसमा टाँगिएको जानेर हामी फेरि पापको बन्धनमा नपरौं । किनकि उहाँ मर्नुभयो, पापबाट धर्मी ठहरिनु भएको छ । तर यदि हामी ख्रीष्टसंग मर्‍यौं भनेता, उहाँसंग जीउने पनि छौं भन्ने विश्वास गर्दछौं । रोमी ६:१-८ ।

**चौथो कुराः-** अनाज्ञाकारी नै शुरुको पाप भएको हुनाले हामी थाहा गर्दछौ कि अब त्यस अनाज्ञाकारी हाम्रो बप्तिस्मासंगै मरेको छ । र हामी चाँहि ख्रीष्टसंग बौरी उठेको कारण यो अनाज्ञाकारीताको पाप अब हामीसंग छैन ।

**पाँचौ कुराः-** जब हामी बप्तिस्मा लिन्छौं हामीले यो ठानेको हुन्छौ कि हामीले उहाँको मृत्युमा भाग लिएर यो बप्तिस्मा लिएका हौं ।

**छैठौं कुराः-** हामी पक्का गरेर विश्वास गर्छौं - ताकि हामी उहाँसंगै गाडिएका पनि छौं ।

**सातौं कुराः-** उहाँसंगै हामीले नयाँ जीवन पाई बौरी उठेका छौं । अर्को शब्दमा यसो भनौं हाम्रो पुरानो शील स्वभाव, आनिबानी, पुरानो किसिमको सोंचविचार,

रिस ईवी, घमण्ड, लोभ, छलछामका विचारहरू, कपटीपन, धूर्त्याई र सबै घृणित बिचारहरू (सबै पापी स्वभावहरू) सबैको मरण भएको छ। यसरी पापका स्वभावले चल्ने पुरानो मान्छे त्यस पानीको बप्तिस्मासंगै मरिसक्यो, अब सबै नयाँ भएको छ। मृत्युदेखि व्युँतेर सृष्टिको नयाँ रचना भएको छ। पानीबाट निस्कदा हामी यो प्रतिज्ञा गर्छौं कि "प्रभु। म तपाईको आज्ञापालन गर्ने नयाँ मान्छे भएको छु।"

अन्त्यमा पानीको बप्तिस्मा नयाँ जन्म पाएको विश्वासीहरूका निम्ति पहिलो मुख्य कदम हो। यो पूर्णरूपले पानीभित्र डुबेर पुरानो मनुष्यत्वकोपछि बौरी उठ्ने गवाही हो। त्यसपछि पानीबाट निस्कने काम चाँहि अनन्तको जीवन पाएर सजीव भई उठेको प्रमाण हो। यसैले पानीको बप्तिस्मा एउटा ज्यूँदो गवाही हो। विश्वाससंग यो भन्न सकिन्छ कि स्वर्गमा यस कुराको लेखा राखिन्छ अनि त्यस व्यक्तिलाई पूर्णरूपले 'नयाँ मान्छे' को रूपमा प्रभु परमेश्वरको नजरमा गन्ती गरिन्छ। पानीको गवाही स्वयं प्रभु येशूले पनि लिनुभयो।

यो लेख (Tract) बप्तिस्माको बिषयमा एउटा संक्षिप्त वर्णन मात्र हो। पवित्र शास्त्र बाइबलको पूरा अध्ययनले अझ सशक्त ख्रीष्टियन जीवन यापन गर्नमा पूर्ण सहयोग गर्दछ। जति चाँडो यस कामलाई प्रथमिकता दिइन्छ उति चाँडो त्यो विश्वासीले प्रभु येशुमा दिगो भइ बाँच्ने आशिष पाउनेछ।